# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/८२

चलानी नं ७६

सूचना प्रकाशित मितिः २०८२/०३/३२

### आ.व. २०८१/०८२ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गाउँपालिकास्थित सामुदायिक तथा परम्परागत विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी र बालविकास शिक्षकहरुले आ.व. २०८१/०८२ को आफ्नो वा आफ्नो परीवारको नाममा रहेको सम्पत्ति विवरण तोकिएको ढाँचामा नेपाल राजपत्र भाग ५, खण्ड ४०, संख्या १, मिति २०७६ वैशाख ६ गतेको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालको सूचना बमोजिम सम्पत्ति विवरण भरी ४*९ इन्चको खाम वाहिर तपसिलको विवरण उल्लेख गरी स्थायी बाहेक सामुदायिक तथा परम्परागत विद्यालयहरुमा कार्यरत राहत,अनुदान,ज्यालादारी, बालविकास शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी कर्मचारीहरुको हकमा कोशी गाउँपालिका मार्फत कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा पठाउनुपर्ने भएकोले मिति २०८२ भदौ ७ गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुहुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

आ.व. २०८१/०८२ को सम्पत्ति विवरण

| प्रेषक | प्रापक |
|---|---|
| कर्मचारी संकेत नं. | |
| नाम थरः | |
| पद/दर्जाः | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्रेणी/तहः | कोशी प्रदेश, विराटनगर, मोरङ । |
| कार्यरत विद्यालयको नामः | मार्फत |
| मोबाइल नं. | कोशी गाउँपालिका, सुनसरी। |
| इमेल ठेगानाः | |

**नोटः**

१. स्थायी शिक्षकले आ.व. २०८१/०८२ को सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयंले राष्ट्रिय किताबखाना (शिक्षक), म्यूजियम मार्ग, ताहाचल, काठमाडौंमा पेश गर्नुपर्नेछ।

२. आ.व. २०८१/०८२ को अवधिभित्र सेवानिवृत्त भएका स्थायी शिक्षकले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनुपर्ने छ।

३. नयाँ स्थायी नियुक्ति भइ सिटरोल बुझाउँदा सम्पत्ति विवरण बुझाएका शिक्षकहरुले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनुपर्ने छ

४. सम्पत्ति विवरणको फारम राष्ट्रिय किताबखाना (शिक्षक) को वेवसाइट www.stro.gov.np मा उपलब्ध छ।

.....................................

दिपेश कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

दिपेश कुमार झा

प्रमुख प्रशासकीय अधिकृत